# नेपाल पत्रकार महासंघ

## जिल्ला शाखा, बाँके

पत्र संख्या नं. :
चलानी नं.:

मिति: २०८३-०२-२४ गते


अध्यक्ष
नवीन गिरी

उपाध्यक्ष
तिलक गाउँले
रेजिना मल्ल
करुणा शाह

सचिव
कृष्ण ओली

सह-सचिव
रविन्द्र सिंह ठकुरी
भगतराम थारु

कोषाध्यक्ष
सुनिल रेग्मी

सदस्यहरु
समिरमान श्रेष्ठ
कृष्णराज अधिकारी
धना विष्ट के.सी.
सावित्री विश्वकर्मा
रविन्द्र घिमिरे
शम्भुप्रसाद थारु
सजनकुमार आरसी
पहलबहादुर केसी
यदुराज मिश्र
रजनीकुमारी योगी
आशा परियार
निर्मला चौधरी
सलामत अलि शेष

सल्लाहकार
दामोदर भण्डारी
प्रदिप वाग्ले


# प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ बाँके शाखाको कार्यसमिति बैठक २०८३ जेठ २३ गते शनिबारका दिन बाँके शाखाको कार्यालयमा शाखाका अध्यक्ष श्री नवीन गिरीको अध्यक्षतामा बसी निम्न अनुसार निर्णयहरू गरिएको छ।

**निर्णयहरू:**

१. बाँकेका स्थानीय तहहरूलाई आगामी आर्थिक वर्ष २०८३-०८४ को नीति तथा कार्यक्रम र बजेटमा सञ्चार क्षेत्रलाई प्राथमिकता दिन ध्यानाकर्षण गराउने निर्णय गरिएको छ। साथै, सञ्चार नीति नबनाएका स्थानीय तहलाई आगामी आर्थिक वर्षभित्रै नीति बनाउन तथा सञ्चार नीति बनाइसकेकालाई आवश्यक कानुनी व्यवस्था गरी प्रभावकारी कार्यान्वयनका लागि आग्रह गर्ने निर्णय गरिएको छ।

२. नेपाल पत्रकार महासंघ नवलपरासी पश्चिमका अध्यक्ष केशव पराजुलीलाई गम्भीर प्रकृतिको रोगका कारण उपचारमा आर्थिक कठिनाई उत्पन्न भएको र पराजुलीको उपचार सहयोगका लागि नवलपरासी पश्चिम शाखाले गरेको आग्रह बमोजिम बाँके शाखाको तर्फबाट रु. १०,००० आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरिएको छ।

३. नेपाल पत्रकार महासंघले नेपाल सरकारको गत चैत १८ गतेको सूचना र विज्ञापनसम्बन्धी विभेदकारी र स्वेच्छाचारी सरकारी निर्णय खारेजी, प्रेसको संवैधानिक हकको रक्षाका साथै संसदबाटै सर्वपक्षीय कार्यदल गठन गरी संविधान संशोधनको पहल र निर्वाध सूचना उपभोगको सुनिश्चितताका लागि थप दबाबमूलक आन्दोलनका घोषणा गरेकोमा बाँके शाखाले पनि केन्द्रको सर्कुलर प्रभावकारी ढंगले कार्यान्वयन गर्ने निर्णय गरिएको छ।

कृष्ण ओली
सचिव


कार्यालय: नेपालगन्ज उपमहानगरपालिका-४, सञ्चारग्राम (बसपार्क) फोन नं.: ०८१-५२६५७७ E-mail: fnjbankebranch@gmail.com